नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७९/८०

चलानी नं : १६२२

मितिः २०८०/०३/२४

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी एवं कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंको च.नं. ६५३५९, मिति २०८०/०३/१८ को पत्रबाट सम्मानित आयोगमा दर्ता भएका स्थानीय तहसँग सम्बन्धित विभिन्न बिषयहरुका उजुरी निवेदनको सम्बन्धमा अनुसन्धान तहकिकात भई सुझाव कार्यान्वयनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ख) बमोजिम लेखी आएको हुँदा तपसिल बमोजिमका सुझावहरु जानकारी एवं कार्यान्वयनको लागि तहाँ पठाइएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८०/०३/२४ को निर्णयानुसार अनुरोध छ।

तपसिलः

क. "स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने विषयमा एकरुपता कायम गर्न आवश्यक र जरुरी देखिन्छ। तसर्थ यस बिषयको व्यवस्थापनका लागि मार्गदर्शक कानूनको रुपमा रहेको निजामती सेवा ऐन, २०४९ तथा ऐ. नियमावली, २०५० को नियम ४६ मा रहेको व्यवस्था बमोजिम स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी मध्येबाट बरिष्ठ कर्मचारीलाई निमित्तको जिम्मेवारी दिने व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुन"

ख. "बजेट व्यवस्थापन, सार्वजनिक खरिद कार्य र सोको भुक्तानी प्रचलित कानुन बमोजिम नभएको सन्दर्भमा सबै स्थानीय तहले योजना छनौट, बजेट विनियोजन, बजेट कार्यान्वयन र सार्वजनिक खरिद कार्य गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम नै गर्नु हुन र भुक्तानीको सम्बन्धमा सम्झौता अनुरुप काम भए नभएको प्राविधिक प्रतिवेदन र कार्य सम्पन्न भएको एकिन गरी अनुगमन समितिबाट अनुगमन गराई सिफारिसको आधारमा मात्र भएका कामको भुक्तानी तोकिएकै समयमा गर्ने व्यवस्था गर्नु/गराउनु हुन"

ग. "स्थानीय सभाले आफ्नो कार्यक्षेत्रका विषयमा कानुन निर्माण गरी लागू गर्न सक्ने संबैधानिक अधिकार हुँदा हुँदै हाल सम्म पनि स्थानीय तहहरुले आफ्नो आन्तरिक भ्रमण तथा काज प्रणालीलाई व्यवस्थित बनाउन कानुन निर्माण गरेर लागू गरेको नदेखिएकोले कानुनी रिक्तताको अवस्थामा सङ्घीय सरकारले निर्माण गरेको कानुन नै मार्गदर्शक कानुनको रुपमा रहने भएकोले आफ्नो कानुन निर्माण गरी लागु नहुन्जेलसम्म सबै स्थानीय तहले भ्रमण खर्च नियमावली, २०६४ को व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नु/गराउनु हुन"

माथि उल्लिखित बुँदा नं. क बिपरित कही कतै भएको भए आजको मितिबाट सो निर्णय स्वतः निष्कृय हुने व्यहोरा अनुरोध छ।

(जयराम गजुरेल)
शाखा अधिकृत

सादर अवगतार्थः

माननीय मन्त्रीज्यूको निजी सचिवालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं।

श्री महाशाखाहरु (सबै), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु (सबै)।

व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन